वेब साइट: http://www.opmcm.gov.np

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा

सिंहदरबार, काठमाण्डौ

मिति :- २०८०/०८/२८

प.सं. :- ०८०/८१

च.नं. :- भ्र.नि./५२१//६६२

नेपाल सरकार
सार्वजनिक खरिद अनुगमन कार्यालय
दर्ता नं.: २२१६
मिति: ०८०/०९/०४

विषयः सुझाव कार्यान्वयन सम्बन्धमा ।

श्री सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल,काठमाडौं

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र संख्या म.नं.१०/२०८०-८१, च.नं.२९४९४, मिति २०८०/०८/२४ को पत्रबाट सार्वजनिक सम्पत्ति बहालमा लगाइ प्राप्त हुने आयमा अनियमिता, ठेक्कामा ढिलाइका कारण सरकारले प्राप्त गर्ने आयमा कमी तथा सरकारी हानी नोक्सानीको उजुरी असंख्य उजुरी पर्ने गरेकोले आयोगको मिति २०८०/०८/२१ गतेको निर्णयबाट देहायको सुझाव कार्यान्वयनका लागि लेखि पठाइएकोले सुझाव कार्यान्वयनका लागि आदेशानुसार अनुरोध गर्दछु ।

सुझाव

"सेवा/अन्य सेवा लिंदा वा आय ठेक्का लगाउँदा वा निर्मित भौतिक संरचना भाडामा दिँदा प्रचलित कानुनबमोजिमको प्रक्रिया पूरा गरेर मात्र गर्ने। अविच्छिन्न रुपमा सञ्चालन हुनुपर्ने कार्य/सेवाको सन्दर्भमा भाडावापत प्राप्त हुने आय रकम र सेवाको सुनिश्चितताको लागि सेवा लिने/दिने समय सीमासहितको सम्झौतामा तोकिएको समयावधि समाप्त हुनु अगावै त्यस्तो ठेक्काको प्रकृति हेरी टेण्डर प्रक्रिया सुरु गरी नयाँ ठेक्का सम्झौता गर्ने र सो सेवा तथा आयको निरन्तर सुनिश्चितताको व्यवस्था मिलाउने। समयमै ठेक्का लिने प्रक्रिया प्रारम्भ नगरेका कारण सरकारलाई हानी नोक्सानी हुन गएमा वा थप आर्थिक भार पर्न गएमा संलग्न पदाधिकारीमाथि कानुनबमोजिम कारवाही हुने।"

प्रमाणित डिजिटल हस्ताक्षर
डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Jyoti Paudel
jyotipaudel@gmail.com

.......................................

(ज्योती पौडेल)

शाखा अधिकृत

बोधार्थः

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाण्डौ

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

पत्र सङ्ख्या :- म.नं. १०/२०८०/८१
चलानी नं :- २५४५४

मितिः २०८०/०८/२४

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं।

विषयः सुझाव लेखी पठाइएको सम्बन्धमा ।

सरकारी/सार्वजनिक सम्पत्ति (प्राकृतिक र भौतिक) बहालमा लगाई प्राप्त हुने आयमा अनियमितता हुने गरेको, समयमै ठेक्का प्रक्रिया अगाडि नबढाएको कारण त्यस्ता निकाय तथा सरकारले प्राप्त गर्ने आयमा कमी आएको र समयमै सरकारी निकायबाट संचालित प्रणाली सम्बन्धी सेवा र अन्य सेवा लिने प्रक्रिया अगाडि नबढाएको कारण सरकारलाई हानि नोक्सानी हुने गरेका विषयमा आयोगमा असंख्य उजुरी पर्ने गरेका छन् ।

मनोरञ्जनका लागि संचालित पार्क, सार्वजनिक विद्यालय/सार्वजनिक गुठी, मठ, मन्दिरको जग्गा तथा सोमा निर्मित संरचना, सरकारी स्वामित्व र लगानी भएको नेपाल टेलिकमसँग सम्बन्धित विलिङ्ग प्रणाली, सरकारी निकायबाट संचालित सूचना प्रविधि प्रणाली, राहदानी छपाई तथा राष्ट्रिय परिचयपत्र छपाईको कार्य, राजस्व आय हुने गरी बहालमा लगाइने सार्वजनिक निर्मित संरचना, सुख्खा बन्दरगाह तथा एकीकृत जाँच चौकीका टर्मिनल र बसपार्क, पसल/कबल, क्यान्टिन, सार्वजनिक/सरकारी जग्गा, सार्वजनिक पोखरीजस्ता सरकारी सार्वजनिक सम्पत्ति बहालमा लगाउने विषयमा कानुनमा प्रष्ट व्यवस्था भए पनि जिम्मेवार पदाधिकारीको लापरबाहीका कारण समयमै ठेक्का प्रक्रिया अगाडि बढ्न नसकेको प्रष्ट छ । उल्लिखित विषयहरुमा ठेक्का प्रक्रिया समयमै अगाडि नबढेको कारण सरकारी निकायलाई प्राप्त हुने आयमा स्वतः कमी भएको छ । यी र यस्तै विषयहरुमा व्यापक अनियमितता भएको भनी उजुरीहरु प्राप्त हुने गरेका छन् ।

काम/सेवाको भार, कार्यक्षेत्र र व्यापकताको विश्लेषण गरेर मात्र ठेक्का लगाउनुपर्नेमा जथाभावी गर्ने गरेको पाईन्छ । कामको प्रकृतिका आधारमा ठेक्का प्रक्रिया पूरा गर्न ३ महिनादेखि २ वर्षसम्म लाग्ने गरेको देखिन्छ । तसर्थ सो ठेक्काको प्रकृति हेरी सोहीबमोजिम टेण्डर प्रक्रिया सुरु गर्नुपर्ने हुन्छ । समयमै टेण्डर प्रक्रिया सुरु नगरेको कारण वा पुरानै सम्झौताको सर्त र दररेटमा म्याद थप गर्नुपर्ने अवस्था सिर्जना भई राज्यलाई वा संस्थालाई थप व्ययभार पर्न गएको र घटी राजस्व असुल भई हानि नोक्सानी व्यहोर्नु परेका उदाहरणहरु मध्ये नेपाल टेलिकमको विलिङ्ग प्रणाली र बन्दरगाह तथा एकीकृत जाँच चौकीका टर्मिनल भाडामा लगाउँदा भएको हानि नोक्सानी हामी सामु छन् ।

त्यसैगरी, स्थानीय तहको महत्वपूर्ण आय स्रोतको रुपमा रहेको प्राकृतिक स्रोत विशेषतः ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थको ठेक्का प्रक्रिया समयमै प्रारम्भ नगर्ने, ठेक्का प्रक्रिया अगाडि बढाए तापनि मिलेमतोमा ठेक्का सम्झौता गर्न नआउने र आर्थिक वर्षको तेश्रो चौमासिकमा सार्वजनिक निकायले अमानतबाट

फोनः ४२६२१८०, ४२६२२४७, टोलफ्रि नं. :.१६६०-०१-२२२३३, फ्याक्स : ४२६२१२८, ४२६२१०४, E-mail : akhtiyar@ntc.net.np

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

पत्र संख्या :-
चलानी नं. :-

नदीजन्य पदार्थको वेचबिखन गर्ने गरेको जस्ता कारण स्थानीय तहलाई जति मात्रामा राजस्व उठ्नुपर्ने हो उठ्न सकेको छैन् । राजस्व चुहावट भएको छ र अनधिकृत रुपमा प्राकृतिक स्रोतको दोहन हुने क्रम बढ्दो छ ।

राज्यबाट प्रवाह हुने सञ्चार सेवासँग सम्वन्धित विलिङ्ग प्रणाली, सरकारी निकायबाट संचालित सूचना प्रविधि प्रणालीको सेवा लिने कार्य, राष्ट्रिय परिचयपत्र छपाईको कार्य र पासपोर्ट छपाई जस्ता अत्यावश्यक सेवाको समयमै ठेक्का प्रक्रिया सुरु गर्नुपर्नेमा समयमा नभएका कारण राज्यलाई थप आर्थिक व्ययभार सिर्जना हुनाको साथै सरकारी सेवाप्रतिको विश्वसनीयतामा समेत प्रश्न उठेको पाइन्छ । यस्ता समस्या आउँदा पनि प्रस्तुत विषयमा जिम्मेवार पदाधिकारी संवेदनशील भएको पाइँदैन । जसको कारण म्याद थप र भेरिएसन आदेश स्वीकृतिका लागि मन्त्रिपरिषद्सम्म पुग्नु परेको अवस्था छ। सार्वजनिक निकायले एक पटक ठेक्का पट्टा लगाएपछि सो ठेक्का सम्झौतामा कानुनविपरीत विशेष परिस्थितिका लागि राखिएका नवीकरण गर्ने व्यवस्थाको समेत दुरुपयोग गरी लामो अवधिसम्म सोही कम्पनी/फर्म/संस्था/व्यक्तिसँगको सम्झौतालाई निरन्तरता दिने गरेको अभ्यास प्रशस्त भेटिन्छन् । रकम र सरकारी ठेक्का, बन्दोबस्त ऐन, २०२० को दफा ५ को व्यवस्था सार्वजनिक निकायले अनुसरण गरेको देखिँदैन ।

सेवा तथा अन्य सेवा लिने प्रयोजनार्थ प्राकृतिक स्रोतको आय, ठेक्का र निर्मित भौतिक संरचना भाडामा दिने विषयको ठेक्का समयमै लगाउने दायित्व सम्वन्धित सार्वजनिक निकायका पदाधिकारीको हो । प्रस्तुत विषयका सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ (१) (ख) बमोजिम तहाँ कार्यालय मार्फत सम्पूर्ण मन्त्रालय र सबै प्रदेशका मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई तपसिलको सुझाव लेखी पठाउने भनी मिति २०८०/०८/२१ गते (आयोगको) निर्णय भएको हुँदा कार्यान्वयनको लागि पठाइएको व्यहोरा अनुरोध छ।

तपसिल

"सेवा/अन्य सेवा लिँदा वा आय ठेक्का लगाउँदा वा निर्मित भौतिक संरचना भाडामा दिँदा प्रचलित कानुनबमोजिमको प्रक्रिया पूरा गरेर मात्र गर्ने । अविछिन्न रुपमा सञ्चालन हुनुपर्ने कार्य/ सेवाको सन्दर्भमा भाडाबापत प्राप्त हुने आय रकम र सेवाको सुनिश्चितताको लागि सेवा लिने/दिने समय सीमासहितको सम्झौतामा तोकिएको समयावधि समाप्त हुन अगावै त्यस्तो ठेक्काको प्रकृति हेरी टेण्डर प्रक्रिया सुरु गरी नयाँ ठेक्का सम्झौता गर्ने र सो सेवा तथा आयको निरन्तर सुनिश्चितताको व्यवस्था मिलाउने । समयमै ठेक्का लिने प्रक्रिया प्रारम्भ नगरेका कारण सरकार वा सार्वजनिक संस्थालाई हानि नोक्सानी हुन गएमा वा थप आर्थिक भार पर्न गएमा संलग्न पदाधिकारीमाथि कानुनबमोजिम कारवाही हुने"

बोधार्थः

माननीय प्रमुख आयुक्तज्यूको सचिवालय,अख्तियार दुरुपयोग अनुसन्धान आयोग।
माननीय आयुक्तज्यूहरूको सचिवालय (सबै), अख्तियार दुरुपयोग अनुसन्धान आयोग।
श्रीमान सचिवज्यूको सचिवालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग।

२०८०/०८/२४
(रबिन्द्र राई)
शाखा अधिकृत

फोन: ५२६२१८०, ५२६२२४७, टोलफ्रि नं. : १६६०-०१-२२२३३, फ्याक्स : ५२६२१२८, ५२६२१०४ E-mail : akhtiyar@ntc.net.np